नगर कार्यपालिकाको
बैठक संख्या:५३, २०७९-२०८४
मिति २०८१/११/१८ को
निर्णय प्रमाणित ..........

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५३, २०७९-२०८४)

मिति : २०८१ फागुन १८ गते

निर्णयहरुः

१. कोहलपुर कोहलपुर नगरपालिका अन्तर्गतका विद्यालयहरुमा यस वर्षको SEE परीक्षा केन्द्र निर्धारण गर्दा पालिकासँग समन्वय नगरी बिगतमा भएको राम्रा अभ्यासलाई निरन्तरता दिनुपर्नेमा यस कार्यालयबाट पटक पटक अनुरोध हुँदा समेत राष्ट्रिय परिक्षा बोर्ड, सानोठिमी भक्तपुरको मिति २०८१/१०/०२ गतेको परिपत्रलाई समेत वेवास्ता गरी कोहलपुर नगरपालिका भित्र परीक्षा केन्द्र निर्धारण गर्ने क्रममा बिगतका असल अभ्यासलाई वेवास्ता गरी केही संस्थागत विद्यालयहरुको हित हुने किसिमले परीक्षा केन्द्र कायम गरिएकोले केन्द्र कायम गर्दा सामुदायिक विद्यालयहरुको संस्थागत विद्यालयमा र संस्थागत विद्यालयहरुको सामुदायिक विद्यालयमा हुने गरी व्यवस्थापन गर्नका लागि जिल्ला परीक्षा समन्वय समिति, बाँके र शिक्षा विकास तथा समन्वय इकाइलाई अनुरोध गरी पठाउने।

२. सङ्घीय सरकार र प्रदेश सरकारको कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले यस नगरपालिका क्षेत्रमा सेवा केन्द्र सञ्चालन गर्नुपर्ने भएमा अनिवार्यरुपमा नगरपालिकाको कार्यालयबाट स्वीकृती/ अनुमती लिनुपर्नेछ ।

३. यस नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले लगानी गरेको ऋण तोकीएको समयमा ऋणीहरुले नतिरेको हुँदा बचतकर्ताको बचत फिर्ता गर्न कठिनाई भएको भनी सहकारी संस्थाहरुबाट ऋण असुलीका लागि आवश्यक सहयोग गरिदिन अनुरोध भई आएकोमा त्यस्ता सहकारी संस्थाहरुको वित्तीय विश्लेषण गरी नियमानुसार ऋण असुलीका लागि आवश्यक सहयोग गर्ने।

४. आर्थिक वर्ष २०८०/०८१ मा सुरक्षित नागरिक आवास कार्यक्रम तर्फ यस नगरपालिकामा ७५० लाभग्राहीहरु छनौट भई सम्झौता गरी कार्यक्रम अगाडी बढाउने भनी लेखी आएकोमा ६११ लाभग्राहीहरुसँग सम्झौता भएको र सङ्घीय सरकारबाट आवश्यक बजेट नपठाई सो कार्यक्रम पूर्णरुपमा सञ्चालन गर्न नसकेकोले हाललाई भएको सम्झौताहरु स्थगित गर्ने र आर्थिक वर्ष २०८१/०८२ मा सो कार्यक्रम तर्फ आएको बजेटबाट २९ लाभग्राही मात्र छनौट गर्न सकिने भएकाले प्रत्येक वडालाई २ जना लाभग्राही छनौट गरी पठाउने र नपुगेको रकम नगरपालिकाले थप गर्ने ।

५. विभिन्न संघसंस्थाबाट आर्थिक सहायता माग भई पत्र प्राप्त भएकोमा देहाय बमोजिमका संघसंस्थालाई वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ४३ विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रकम उपलब्ध गराउने ।

क) नेपालगंज साईक्लिङ्ग क्लब, बाँकेलाई बाँके र बर्दियाको पर्यटन प्रवर्द्धन र वातावरण संरक्षण गर्ने प्रयोजनले नेपालगंज साईकल उत्सव, २०८१ अन्तर्गत आयोजित "TOUR DE THAKURDWARA 2025" र "NEPALGUNJ KIDSS RACE 2025" कार्यक्रमका लागि रु.५१,०००।–

ख) गैरसकारी संस्था महासंघ नेपाल, बाँके शाखालाई "बाँके जिल्ला स्तरीय नागरिक सम्मेलन" कार्यक्रमका लागि रु.२०,०००।–

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५३, २०७९-२०८४
मिति २०८१/११/१८ को
निर्णय प्रमाणित ..........

ग) नेपालगञ्ज बाइसाइकल प्रा.लि.लाई MTB RACE 2025 खेलकुद प्रतियोगिता संचालनको लागि रु.१०,०००।-

६. श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, कोहलपुर १५ चन्नहवा, बाँकेको मिति २०८१/१०/१४ गतेको पत्रानुसार वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ३६५ मा नेपाल राष्ट्रिय आधारभूत विद्यालय चन्नहवा गाउँमा खेलकुद मैदानमा माटो पटान कार्यका लागि रु.५,००,०००।– बिनियोजन भएकोमा उक्त रकमबाट माटो पटान कार्य अपुरो हुने देखिएकाले समपुरक कोषबाट रु.४,००,०००।- थप गरी निर्माण प्रक्रिया अगाडी बढाउने ।

७. कोहलपुर बसपार्क व्यवस्थापन समितिको मिति २०८१/११/०८ को निर्णय, प्रहरी मुचल्का सहित प्राप्त निवेदन उपर छलफल गर्दा कोहलपुर बसपार्कको सार्बजनिक शौचालयमा रहेका ६ थान कम्बोर्ड टुटफूट भई बिग्रिएकाले सो को सट्टा साधारण सिट प्यान राख्ने र उक्त कार्यको भुक्तानी भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट उपलब्ध गराउने ।

८. यस कार्यालयका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रीहरु चालु आ.ब. २०८१/०८२ का लागि ठेक्का गरी खरिद गरिएको, सम्बन्धित शाखाबाट थप औषधी तथा सर्जिकल सामाग्रीहरु आवश्यक रहेको माग भई आएमा ठेक्काकै कबोल दररेटमा खरिद गर्ने ।

९. ओशो आनन्द ध्यान केन्द्र कोहलपुर, बाँकेलाई आवश्यक साउण्ड सिस्टम खरिदका लागि धर्म कला सस्कृति संरक्षण शिर्षकबाट रु ५१,०००/-( अक्षरुपि एकाउन्न हजार) आर्थिक सहयोग गर्ने ।

१०. वास नेपालले पेश गरेको राजस्व सुधार कार्यक्रम प्रस्तावना स्विकृत गरी कार्यान्वयन गर्ने ।

११. कोहलपुर नगरपालिकाको संचार नीति निर्माणका लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी तीन सदस्यीय मस्यौदा समिति गठन गरियो । समितिलाई संचार नीतिका लागि सम्बन्धित सरोकारवालाहरुसँग छलफल र आवश्यक राय सुझाव संकलन गरी मस्यौदाको ड्राफ्ट आगामी कार्यपालिकामा पेश गर्ने जिम्मेवारी प्रदान गरियो ।

**तपसिलः**

| | |
|---|---|
| संयोजक | - श्री नवीन गिरी, अध्यक्ष नेपाल पत्रकार महासंघ, बाँके |
| सदस्य | - श्री प्रियास्मृति ढकाल, प्रेस संयोजक, कोहलपुर नगरपालिका, बाँके |
| सदस्य सचिव | - श्री आशिष बर्मा, रोजगार संयोजक, कोहलपुर नगरपालिका, बाँके |

१२. कोहलपुर नगरपालिकामा विद्यालयका भवन निर्माणका लागि विनियोजित सि.नं. ७१९ देखि ७२१ सम्मका बजेटबाट ठेक्का आव्हान भएकोमा सोही शीर्षकको बचत रकमबाट देहाय बमोजिमका विद्यालयहरु निर्माणका लागि तयार भएको प्राबिधिक लागत अनुमान बमोजिम गर्ने र सो मा अपुग हुने रकम वार्षिक पुस्तिकाको सि.नं. १११ क्याम्पस, पुस्तकालय, विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रमबाट स्रोत सुनिश्चित गरी ठेक्का प्रक्रिया अगाडी बढाउने ।

- श्री सृजना बाल प्रा.बि, कोहलपुर १४, बाँके ।
- श्री नेपाल राष्ट्रिय आ.बि., कोहलपुर १०, बाँके ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५३, २०७९-२०८४
मिति २०८१/११/१८ को
निर्णय प्रमाणित ..............

- नेपाल राष्ट्रिय आ.बि., कोहलपुर ७, बाँके ।
- श्री जनचेतना आ.बि., कोहलपुर ४, बाँके ।

१३. यस नगर कार्यपालिकाको कार्यालयमा कार्यचाप अत्याधिक भएका कारण कोहलपुर नगरपालिका वडा नं. ११ निवासी श्री समिर रेग्मीलाई २०८१ चैत्र ३ गतेदेखि २०८२ असार मसान्तसम्मका लागि सब इन्जिनियर(सहायकस्तर पाँचौ) पदमा दैनिक ज्यालादारी सम्झौता गरी कामकाजमा लगाउने ।

१४. कोहलपुर नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुमा खेलकुद प्रशिक्षकको नियुक्ति लगायतका कार्यलाई थप व्यवस्थित गर्ने उद्देश्यले तयार गरिएको "विद्यालयमा करारमा खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१" मा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख